DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

# निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal ( EOC-Nepal)

## प्रेस विज्ञप्ति

मिति : २०७४ मंसिर १० गते, ५ बजे

आज बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि ३२ जिल्लाहरुमा पहिलो चरणको निर्वाचन सम्पन्न भएको छ । प्रतिनिधिसभा सदस्यका लागि ३७ निर्वाचन क्षेत्र र प्रदेशसभा सदस्यका लागि ७४ निर्वाचन क्षेत्रमा मतदान सम्पन्न भएको छ । यो निर्वाचन नेपालको संविधान, २०७२ जारी भएपछि पहिलो र ऐतिहासिक निर्वाचन हो । यस निर्वाचनले लोकतन्त्रलाई संस्थागत गर्ने सुनिश्चितता प्रदान गर्ने देखिन्छ ।

केही समय पहिले भएको स्थानीय तहको निर्वाचनको तुलनामा आजको सम्पन्न भएको निर्वाचनमा मतदातालाई आतंकित पार्ने घटनाहरु निर्वाचन पूर्व र निर्वाचनको् दिनमा छिटपुट रहेको पाइयो र केहि स्थानमा झडपका कारण केही सर्वसाधारण तथा उम्मेदवारहरु समेत घाइते भएको पाइयो । उक्त घटनाहरु भएतापनि निर्वाचनमा आम जनताहरुको उत्साहप्रद सहभागिता पाइयो ।

विभिन्न स्थानमा भएका झडपलाई सुरक्षा निकायको उपस्थीतिमा सहजै व्ययवस्थापन गरेको पाइयो । यो निर्वाचनमा महिलाहरुको उल्लेख्य सहभागिता रहेको समेत पाइयो ।

स्थानीय तहको निर्वाचनको  तुलनामा मतदाताहरुलाई मतदान गर्न सहज भएको देखियो जसका कारण मतपत्र बदरमा कमी आउने सक्नेछ ।

सोलुखुम्बुको तिङलाका बासिन्दाले स्थानीय तहको निर्वाचनमा जसरी बहिष्कार गरेका थिए त्यसरी नै यस निर्वाचनलाई पनि बहिष्कार गरेको जानकारी हुन आएको छ । सो को कारणमा क्षेत्र निर्धारण गर्दा निजहरुलाई साबिकको भन्दा अपाएक परेको जनाइएको छ ।

धेरै स्थानहरुमा मतदाता परिचय पत्र भएको तर मतदाता नामावलीको सूचीमा नभएका कारण मतदाताहरु आफ्नो मताधिकारबाट बञ्चित रहेको समेत पाइयो ।

हाम्रा पर्यवेक्षकहरुले पठाएको सूचनाको आधारमा सामान्य छिटपुट घटना भएको जानकारी आएता पनि तुलनात्मक रुपमा निर्वाचन शान्तिपूर्वक भएको पाईएको छ ।

Pradeep.

प्रदिप पोखरेल
अध्यक्ष

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4784568, Fax. 01-4781044Email. eocnepal123@gmail.com,Web site : www.eocnepal.org.np